मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## मटिहानीमा सप्ताहव्यापी श्रीमद् भागवत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारत–नेपाल सीमामा अवस्थित मटिहानी मठमा स्वामी श्री सियाराम शरणजी महाराजद्वारा बिहीबारदेखि हप्ताभर चल्ने श्रीमद् भागवत कथा शुरु भएको छ ।
भागवत कथा उद्घाटन नेपाल सरकारका पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका वरिष्ठ नेता विमलेन्द्र निधि, मटिहानी मठका महन्त जगन्नाथ दास वैष्णव र उत्तराधिकारी महन्त डा. रवीन्द्र दास वैष्णवले संयुक्त रूपमा गरे ।
मटिहानीका मेयर हरिप्रसाद मण्डल, मनराका मेयर सिस्वामोहन पाण्डे, लोहारपट्टी नगरपालिकाका मेयर, नगराइन नगरपालिकाका मेयर, महोत्तरीका सिडिओ, एसपीलगायत सन्त, मुनि तथा आमनागरिकको बाक्लो उपस्थिति थियो । भागवत कथा शुरुअगाडि कलश यात्रा निकालिएको थियो ।

वर्ष ३ • अंक १८३ • २०८२ साल जेष्ठ ०३ गते शनिबार • Saturday 17, May 2025 • सूर्योदय: बिहान ५:१७ बजे • सूर्यास्त: साँझ ६:४६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# अर्बपति मधेश सरकार नीति आयोग लखपति मात्र




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारसँग ३ अर्ब रुपैयाँ बराबरको सम्पत्ति छ । महालेखाले सार्वजनिक गरेको प्रतिवेदनमा सरकारको एकीकृत सम्पत्तिको समेत विवरण सार्वजनिक गरेको छ । तर कतिपय सम्पत्ति समेत प्रदेश सरकारको विवरणमा समावेश भएको पाइएको छैन ।
महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा प्रदेश सरकारको सम्पत्तिसमेत समेटिएको छ । प्रदेशअन्र्तगत भवन संरचनामा १० करोड ३५ लाख ११ हजार रुपैयाँ, मेसिनरी उपकरणमा ३ अर्ब १९ करोड ३४ लाख ९९ हजार रुपैयाँ, अन्य स्थिर सम्पत्तिमा १५ करोड ९५ लाख ९० हजार रुपैयाँसमेत गरी ३ अर्ब ४५ करोड ६६ लाख रुपैयाँको सम्पत्ति देखिएको छ । तर प्रदेशअन्र्तगतको सबै कार्यालयको सार्वजनिक सम्पत्ति यथार्थ र अद्यावधिक वितरण प्रणालीमा आवद्ध भने छैन ।
मधेश प्रदेश सभाको सचिवालयमा २० करोड ६१ लाख ३२ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्चिचरलगायतका २० प्रकारका सम्पत्ति छन् । सचिवालयले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति विवरण प्रणालीमा अद्यावधिक भएको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्ने महालेखाले औँल्याएको छ । त्यसैगरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्पत्ति वितवरणमा १३ करोड ९९ लाख ७३ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण, फर्निचरलगायतका विभिन्न २६ प्रकारका सम्पत्ति छ । त्यसैगरी गृह सञ्चार तथा कानून मन्त्रालयको सम्पत्तिमा १३ करोड २८ लाख ९४ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, कार, जिप, मोटरसाइकल उपकरण फर्निचरलगायत विभिन्न २१ प्रकारका सम्पत्ति देखिएको छ ।
अर्थ मन्त्रालयसँग भवन संरचना १० करोड ३५ लाख ११ हजार रुपैयाँ, मेसिनरी उपकरण ३ अर्ब १९ करोड ३४ लाख ९९ हजार रुपैयाँ, अन्य स्थिर सम्पत्ति १५ करोड ९५ लाख ९० हजार रुपैयाँसमेत ३ अर्ब ४५ करोड ६६ लाखको सम्पत्ति रहेको छ । खेलकुद तथा समाज कल्याण मन्त्रालयको सम्पतिमा ६ करोड ८ लाख ६६ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारीसाधन, उपकरण फर्निचरलगायत २० प्रकारका सम्पत्ति छ । त्यसैगरी शिक्षा तथा संस्कृति मन्त्रालयको ८८ करोड ६९ लाख ४६ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारी सधान, उपकरण, फर्निचरलगायतका ४९ प्रकारको सम्पत्ति छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भवन, उपकरण, सवारीसाधन, फर्निचरलगायत विभिन्न ३४ प्रकारको सम्पत्तिसहित ३९ करोड ६४ लाख ३६ हजार रुपैयाँ मूल्यको सम्पत्तिको धनी देखिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयको ६४ करोड ९७ लाख ४ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारी साधन, उपकरण फर्निचरलगायत विभिन्न ४१ प्रकारका सम्पत्ति छ । ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय १३ करोड २७ लाख ३७ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारीसाधन, उपकरण, फर्निचरलगायत २७ प्रकारको सम्पत्तिको मालिक देखिएको छ । वन तथा वातावरण मन्त्रालयको १४ करोड ३९ लाख ३७ हजार रुपैयाँ मूल्यको सरकारी भवन, जग्गा, सवारीसाधन, उपकरण, फर्निचरलगायत २५ प्रकारका सम्पत्ति छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ३५ करोड ६ लाख २७ हजार रुपैयाँको सरकारी भवन, जग्गा, सवारी सधान, उपकरण, फर्निचरलगायत ४० प्रकारका सम्पत्ति छ । त्यसैगरी, श्रम तथा यातायात मन्त्रालयको ५ करोड ७९ लाख ६१ हजार रुपैयाँको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकललगायत २४ प्रकारका सम्पत्ति छ । भूमि व्यवस्था, कृषि तथा सरकारी मन्त्रालयको ३६ करोड ९३ लाख ३२ हजार रुपैयाँको सरकारी भवन, जग्गा, कार, जिप, मोटरसाइकलसहित ४० प्रकारको सम्पत्ति छ ।
त्यसैगरी प्रदेश नीति आयोगको २९ लाख २० हजार रुपैयाँको कम्प्युटर तथा विद्युतीय मालसामान, सूचना कम्प्युटर तथा दुरसंचार उपकरण, फर्निचरलगायत विभिन्न ९ प्रकारको सम्पत्ति छ । प्रदेश लोक सेवा आयोगसँग ३ करोड ४७ लाख ७५ हजार रुपैयाँको सवारीसाधन, उपकरण, फर्निचरलगायत विभिन्न २२ प्रकारको सम्पत्ति छ । मुख्य न्यायाधीवक्ताको कार्यालयसँग २ करोड ६८ लाख १८ हजार रुपैयाँको कार, जिप, मोटरसाइकल, उपकरण, फर्निचरलगायत १९ प्रकारको सम्पति छ ।

# पोल गाड्न नदिए अर्को वर्ष कलैयामा अन्धकार

**मधेशदृष्टि**
**बारा ।**
बाराको सदरमुकाम कलैयामा यही परिस्थिति रहे अर्को वर्ष अन्धकार हुने विद्युत् प्राधिकरणको चेतावनी छ । प्राधिकरणले विद्युत् समस्या समाधानमा गम्भीर हुन सबैलाई ध्यानाकर्षण गराएको छ ।
प्राधिकरण कलैया प्रमुख इन्जिनियर हिमान्सु कुमार यादवले विद्युत् चाहिने तर विद्युत्को पोल गाड्न कसैले नदिने प्रवृत्तिले विद्युत् वितरणमा समस्या भएको बताएका छन् । प्रविधिगत समस्या तथा मर्मतसम्भारका कारण अस्थायी रूपमा विद्युत् आपूर्ति सेवा प्रभावित भइरहँदा यस्तो विषय बाहिर आएको हो ।
इन्जिनियर यादवका अनुसार, लाइनको भार वृद्धि, उपकरण मर्मत र अन्य प्राविधिक कारणले केही समय विद्युत् आपूर्तिमा बाधा पुगेको छ । पहिलाका तुलनामा भार अत्यधिक वृद्धि भएर स्रोत अपुग भइरहँदा ३३ केभी लाइनको सर्किट बारम्बार ट्रिप हुने गरेकाले वितरणमा समस्या थपिएको हो । हुरीबतास, वर्षाका कारण नयाँ लाइन बनाउँदा वा ट्रान्सफरमर जडान अपग्रेड गर्दा, लाइन काटेर कार्य गर्नु पर्ने भएकाले पनि केही समस्या हुने गरेको छ । हुकिङ गरी विद्युत् चुहावट गर्दा तार जुध्ने र यसले फ्युज जाने, तार झर्ने, ट्रन्सफरमर जल्ने समस्याले पनि विद्युत् वितरणमा समस्या छ ।
'लो रेटिङ कन्डक्टर' बदली गर्दा वीरगंज क्षेत्रका स्थानीयले ३३ केभिको लाइन ल्याउन नदिएकाले पनि समस्या बल्झिएको प्राधिकरणको भनाइ छ । प्रमुख यादवले विद्युत् चोरी धेरै बढेकाले सबै सम्बन्धित पालिका प्रमुखको ध्यानाकर्षण गराएका छन् । चार वर्षदेखि विद्युत् सुधारको पहल गरिए पनि समस्या जारी रहेकाले अर्को वर्ष अरु अन्धकार खेप्नु पर्ने भन्दै प्राधिकरणले सबैको ध्यानाकर्षण गराएको हो ।

# हावाहुरीका कारण उडान प्रभावित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
हावाहुरीका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आन्तरिक उडान पूर्णरुपमा प्रभावित भएको छभने अन्तर्राष्ट्रियतर्फका विमान केहीबेर आकाशमै फन्को मारेर अवतरण गरेका छन् । विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार आन्तरिकतर्फ विभिन्न एयरलाइन्सका आठ विमान 'डाइभर्ट' भएका छन् । 'आन्तरिक उडान प्रभावित भएको छ । पूर्वबाट काठमाडौँ आएका विमान पूर्वतिरै डाइभर्ट भएका छन् । काठमाडौँबाट पश्चिमतर्फ उडेका विमान काठमाडौँ नै डाइभर्ट भएका छन्,' प्रवक्ता शेर्पाले भने ।
उनका अनुसार चन्द्रगढी, विराटनगर, जनकपुर, भैरहवा, नेपालगंज, धनगढी, सुर्खेतलगायत स्थानबाट उडेका विमान डाइभर्ट भएका हुन् । श्री एयरलाइन्सको विराटनगरबाट काठमाडौँ उडेको विमान विराटनगरै फर्किएको छ । यती एयरलाइन्सको विराटनगर–काठमाडौँ उडानका दुई विमान डाइभर्ट भएका छन् । भद्रपुरबाट काठमाडौँका लागि उडेको बुद्ध एयरको विमान भद्रपुर नै फर्किएको छ । बुद्ध एयरको काठमाडौँबाट सुर्खेत उडेको विमान हावाहुरीका कारण काठमाडौँ नै फर्किएको छ । त्यसैगरी काठमाडौँबाट धनगढी उडेको श्री एयरलाइन्सको विमान काठमाडौँ नै फर्किएको छ । श्री एयरलाइन्सकै काठमाडौँ भैरहवा उडानको विमान पनि काठमाडौँ फर्किएको छ ।
सोही एयरलाइन्सको काठमाडौँबाट सुर्खेत र भैरहवा उडेका दुवै विमान काठमाडौँ फर्किएका छन् । बुद्ध एयरको काठमाडौँ–नेपालगंज उडानको विमान पनि काठमाडौँ फर्किएको छ । काठमाडौँमा आज अपरान्हदेखि मौसम बदली भई हावाहुरीसहित वर्षा भएको छ ।

# बजेटमा तराई मधेशलाई उपेक्षा किन ?

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले नेपालको बजेट नेताहरुको निजी सम्पति हो कि नेपाली जनताको साझा सम्पत्ति भन्ने प्रश्न उठाएका छन् । सरकारले बजेट वितरण गर्दा तराई मधेशसँग विभेद किन गरेको भन्दै उनले प्रश्न गरे ।



प्रतिनिधिसभाको शुक्रबारको बैठकमा आगामी आर्थिक वर्ष २०८२–८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक)को छलफलमा साहले बजेट वितरण समानरुपमा सबै प्रदेश, क्षेत्र एवम् पालिकामा नभएको बताए । हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एवम् मानव विकाश सूचांकमा पछाडि परेको तराई मधेशमा सरकारले बजेट वितरण गर्दा विभेदपूर्ण तरिकाले गरेको उनले बताए ।
१८ खर्ब रुपैयाँ बजेटको बिनियोज हेर्ने हो भने नेपालमा १ सय ६५ निर्वाचन क्षेत्र छ । १८ खर्बलाई १ सय ६५ले भाग गर्ने हो भने झण्डै ११ अर्ब रुपैयाँ पर्छ । उनले १ सय ६५ संसदीय क्षेत्र, प्रदेश, पालिका, वडामा समान बजेट वितरण सरकारले नगरेको तथ्यांक पेश गर्दै यस्तो किन भएको भन्दै प्रश्न उठाए । आफ्नो क्षेत्र, पालिकामा समान बजेट नजाँदा किन मौन बसेको भनेर अरु सदस्यलाई पनि प्रश्न गरे । उनले भने, 'नेपालमा ६ हजार सात सय ४३ वडा छ । १८ खर्बलाई ६ हजार सात सय ४३ ले भाग गर्नुहुन्छ भने एउटा वडामा झण्डै २६ करोड ५० लाख रुपैयाँ पर्छ । नेपाली जनतालाई भन्न चाहन्छु के तपाईंको वडामा केन्द्र सरकारको बजेट २६ करोड छ ?'
साहले नेपालमा सात सय ५३ पालिका रहेको बताउँदै १८ खर्बलाई सात सय ५३ ले भाग गर्दा एउटा पालिकामा २ अर्ब ४९ करोड रुपैयाँ पर्ने बताए । यदि एक वर्षमा यसरी विनियोजन बजेट पालिकामा जाने हो भने नेपालमा विकासको प्रवाह कसैले रोक्न नसक्ने उनले बताए । तर एउटा वडा जहाँ २६ करोडको बजेट पुग्दैन तर मन्त्रीको वडामा २६ अर्ब रुपैयाँ बजेट गइरहेको उनले बताए । साहले बजेट समान वितरण गर्न अर्थमन्त्री विष्णु पौडेलको ध्यानाकर्षण गराए ।
अर्थमन्त्री पौडेललाई आजपा अध्यक्ष साहले भने, 'तपाईंको पालामा बजेटको समान वितरण शुरु गर्नुस् । कम्तिमा पुँजीगत पैसा यसको समान वितरण होस् भन्ने दुनियाँले हेरोस् । तपाईं कहाँ खर्च गर्दै हुनुहुन्छ भन्ने आजको आईटीको युगमा दुनियाँले हेरोस् । आजको दिनमा घरमा बसेर पनि मान्छेले आफ्नो हकअधिकार बुझ्न सक्छ । त्यस हिसाबले अबको डिजिटल युगमा मनपरी काम रोक्नुस् भनेर आग्रह गर्न चाहन्छु ।' नेपालको हरेक आन्दोलन एवम् परिवर्तनमा मधेशको अग्रणी स्थान रहेको उनले बताए । प्रत्येक आन्दोलन तराई मधेशबाटै उठान भएको र त्यसमा तराई मधेशको विशेष र अग्रणी योगदान रहेको स्मरण आजपा अध्यक्ष साहले गरे । त्यही आन्दोलनको बलमा नेताहरु संसद भवनमा आएको विभिन्न तन्त्रको अभ्यास गरिरहेको बताउदै उनले त्यही तराई मधेश किन विभेदमा परेको भन्दै प्रश्न गरे ।
शासन व्यवस्था सञ्चालन गर्नेसँग प्रश्न गर्दै उनले भने, 'जो अगाडि थियो, त्यसलाई कसरी पछाडि पार्नुभयो ? मधेश पछाडि परेको जिम्मेवारी कसले लिने ?' तराई मधेश मानव विकास सूचांकमा पछाडि पारिएको, शिक्षा, स्वास्थ्य, रोजगारलगायतका क्षेत्रमा पछाडि पार्ने काम शासन व्यवस्थामा हुनेले गरेको उनले बताए । 'काठमाडौँमा १० जना १५ जनामा एउटा शिक्षिक पर्छ तर तराई मधेशमा एक सय डेढ सयमा एउटा शिक्षक पर्छ । के बच्चाहरुप्रति यस्तो विभेद गर्न मिल्छ ? देशको कर्णाधारप्रति विभेद गर्ने ? दरबन्दीको समस्या होइन, तपाईंको कुशासन, नियतको समस्या छ यहाँ । गुणस्तरीय शिक्षा सबैलाई चाहिदैँन ? चाहिन्छ भने मधेशप्रति यो विभेद किन ?' उनले भने, 'हिजो पहाडका मान्छे औषधी उपचार गर्न तराई झर्थे, शिक्षा लिन तराई झर्थे, रोजीरोटीका लागि तराई जान्थ्यो । तराई देशको एउटा समृद्ध ठाउँ थियो ।
तर हेर्दाहेर्दै तपाईंहरुले यसरी पछाडि पार्नुभयो कि यसलाई क्षतिपूर्ति दिने कर्तव्य तपाईंको हो कि होइन ?'

# न्याय खोज्दा निर्घात कुटपिट

**मनोज माझी**
**सप्तरी ।**
रुपनी गाउँपालिका–३ मकरी टोलका सुरेन्द्र कुमार रामलाई निर्घात कुटपिट गरेको भनिएका शम्भुनाथ नगरपालिका–४ का अजय साहसहितलाई कारबाही माग गरिएको छ । अस्पतालबाट डिस्चार्ज भएकै दिन सुरेन्द्रलाई लिएर राजविराजमा पत्रकार सम्मेलन गरेका उनका बुबा रुन्दीलाल रामले यस्तो माग गरेका हुन् । तीन दिनअघि जग्गा विवाद तथा अजय साहविरुद्ध जिल्ला प्रशासन कार्यालय सप्तरीमा दिइएको मिटरब्याजीसम्बन्धी निवेदनका विषयलाई लिएर ३१ वर्षीय छोरा सुरेन्द्रमाथि निर्घात कुटपिट गरिएको पत्रकार सम्मेलनमा बुबा रुन्दीलालले बताए । उनले आफ्नो जग्गा कब्जा गर्ने नियतले अजयको नेतृत्वमा आएका एक समूहले छोरालाई निर्घात कुटपिट गरी घाइते बनाएको भन्दै दोषीलाई अविलम्ब पक्राउ गरी कानूनी कारबाही गर्न माग गरे । उनले छोरालाई मरणासन्न हुने गरी




कुटपिट गर्नेहरुविरुद्ध अघिल्लो दिन बिहीबार जिल्ला प्रहरी कार्यालयमा निवेदनसमेत दिएको जानकारी दिए । उनले समस्या पर्दा गाउँकै साहु लिलादेवी साहकोमा आफ्नो जग्गा धितो राखी २०७२ सालमा ९ लाख रुपैयाँ ऋण लिएको सुनाए । जग्गा पास गराएर ४ कठ्ठा जग्गा धितो राखी उठाएको ऋणमध्ये पटकपटक गरी ९ लाख ३४ हजार ५ सय रुपैयाँ बुझाउँदा पनी जग्गा फिर्ता नगरेको तथा जग्गा अजय साहलाई बेचिएको थाहा पाएपछि विवाद शुरु भएको उनको भनाइ छ । यसबारे जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उनीहरुविरुद्ध अनुचित लेनदेनसम्बन्धी निवेदन दिएपछि आक्रोशित भई आक्रमण भएको सुरेन्द्रले बताए । आफ्नो ज्यानै मार्ने नियतले कुटपिट गर्ने अजय साहलगायतको समूहलाई मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को दफा २२ बमोजिम कारबाही हुनु पर्ने उनको माग छ । शुक्रबार नै संयुक्त राजनीतिक दलित संघर्ष समितिका संयोजक भुवनेश्वर रजकले पनि प्रेस विज्ञप्तिमार्फत घटनाको सत्यतथ्य छानबिन तथा दोषीमाथी कारबाही माग गरेका छन् ।

# सगरमाथा संवाद पूर्ण सत्रः जलवायु सङ्कट समाधानका लागि सामूहिक प्रतिबद्धतामा जोड

**काठमाडौँ ।**
शुक्रवारदेखि सुरु भएको बहुप्रतिक्षित सगरमाथा संवादमा सरोकारवाला विज्ञहरुले अन्तरराष्ट्रिय जलवायु सङ्कट समाधानमा सामूहिक प्रतिबद्धतामा जोड दिएका छन ।

संवादको पूर्ण सत्रमा बोल्दै उनिहरुले जलवायुजन्य सङ्कट सामनाका लागि सबैको सहकार्य र अन्तरराष्ट्रिय जलवायु प्रतिबद्धता जरुरी रहेकामा जोड दिएका छन ।

कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायुका कारण हिमाली परिदृश्य रुपान्तरण हुन लागेको उल्लेख गर्दै हिमनदीहरू पग्लिँदै गएको, परिस्थितिकीय प्रणाली बदलिँदै गएको र परम्परागत जीवनशैलीहरू उल्टिँदै गएकाले सामाधानका लागि सामूहिक प्रतिबद्धतामा जोड दिए ।नेपालका लागि इजिप्टका राजदूत नोहा हम्दी अहमद इल्गेबालीले जलवायु अनुकूलनका लागि स्थानीय जलवायु वित्त, जलको पुनःभरण र जैविक विविधताको संरक्षण, जलवायु कृषि अनुकूलन जस्ता जलवायु अनुकूलन राष्ट्रिय रणनीतिमा समावेश गर्न आवश्यक रहेको बताए ।

‘सन् २०२२ मा कोप–२७ आयोजना गर्ने गौरव इजिप्टलाई प्राप्त भयो । कोप २७ मा विश्वव्यापी जलवायु प्रक्रिया इतिहासमा एक महत्वपूर्ण उपलब्धि थियो । यसले विश्व दक्षिणका आवाजलाई अगाडि ल्यायो र अनुकूलन तथा जलवायु न्यायलाई कार्यसूचीको केन्द्रमा राख्यो,’ उनले भने, ‘जलवायु हानि–नोक्सानी कोष पनि कोप २७ मा नै स्थापना हुने निर्णय भएको थियो ।’

कार्यक्रममा बङ्गलादेशको समाज कल्याण मन्त्रालय तथा महिला तथा बालबालिका मामिला मन्त्रालयका, सल्लाहकार, शर्मिन सोनिया मुर्शिद, भूटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री, जेम छेरिङ, संयुक्त अधिराज्य संसदीय उप–सचिव (लड्र्स मन्त्री) बारोनेस सुसान हाइम्यान, संयुक्त अरब इमिरेट्सको ऊर्जा तथा दिगो विकास मामिलाका लागि सहायक परराष्ट्रमन्त्री, अब्दुल्ला बालालाले धारणा राखेका थिए ।

त्यसैगरी, जापानका परराष्ट्र मामिलाका लागि संसदीय उपमन्त्री इकुइना आकिको, भारतका अतिरिक्त सचिव (सहायकमन्त्री) अमनदीप गर्ग, जलवायु परिवर्तन मामिलाका लागि विशेषदूत तथा उपमन्त्री, परराष्ट्र मन्त्रालय, कतारका बदर ओमर अल दफाले धारणा व्यक्त गरे ।

पाँचवर्षे कार्ययोजनाको कार्यान्वयनका लागि राष्ट्रपति विशेष प्रतिनिधि, किर्गिस्तान गणराज्यको दिनारा केमेलोभा, ब्राजिलबाट नेपालका लागि राजदूत कार्लोस अल्बेर्टो मिकाएलसेन डेन हार्टोग, ओमानका राजदूत इस्सा बिन सालेह अल शिवानी, नेपालका लागि, पाकिस्तानका राजदूत अबरार एच. हश्मीले पूर्ण सत्रलाई सम्बोधन गरेका थिए त्यस्तै, क्षेत्रीय तथा अन्तरराष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरुमध्ये संयुक्त राष्ट्रसङ्घका सहायक महासचिव तथा एसक्यापकी कार्यकारी सचिव आर्मिदा साल्सियाह अलिस्जाहबाना, विश्व बैङ्कका दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष मार्टिन राइजर, एसियाली विकास बैङ्क उपाध्यक्ष, फातिमा यास्मिन, सार्क महासचिव राजदूत मोहम्मद गोलाम सरवारले सत्रमा भाग लिएका थिए ।

बिम्स्टेक महासचिव इन्द्रमणि पाण्डे, आइसिमोडका महानिर्देशक पेमा ग्यात्सोले पनि मन्तव्य राखेका थिए ।

पूर्ण सत्रमा अन्तरराष्ट्रिय सम्मेलनको प्रारूपमा आयोजना गरिएको र यस संवादको थिममा केन्द्रित रही आफ्ना धारणा वा विचारहरू व्यक्त गरेका थिए । संवादमा सहभागी हुने सबै राष्ट्र र अन्तरराष्ट्रिय एवं क्षेत्रीय सङ्गठनलाई यस सत्रमा बोल्ने अवसर प्रदान गरिएको थियो । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले सत्रको अध्यक्षता गरेका थिईन ।रासस

# गभर्नर नियुक्तिमा ढिलाइ हुँदा आर्थिक क्षेत्रमा नकारात्मक असर पर्छः अध्यक्ष दाहाल



**बैतडी ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले गभर्नर नियुक्तिमा ढिलाइ हुँदा देशको आर्थिक क्षेत्रमा नकारात्मक असर पर्ने बताएका छन । उनले चाँडो उक्त पदमा नियुक्तिको टुङ्गो लगाउन आग्रह गरे ।

शुक्रवार बैतडीको पाटनबाट नेपाल कम्युनिष्ट (माओवादी केन्द्र) को मध्यपहाडी लोकमार्ग (पुष्पलाल मार्ग) केन्द्रित जनतासँग माओवादी जनजागरण अभियानको शुभारम्भ गर्दै पूर्वप्रधानमन्त्री समेत रहनुभएका उनले राष्ट्र बैंकको गभर्नर तुरुन्तै नियुक्ति गर्नुपर्ने भए पनि ढिलाइ भइरहेकोप्रति विरोध जनाए ।

‘गभर्नर तुरुन्तै नियुक्त हुनुपर्ने हो, तर अहिलेसम्म गरिएको छैन, यो जनताको हितविपरित छ’, उनले भने । तराईपहाड, हिमाललाई एकताबद्ध रुपमा जोड्न र आर्थिक समृद्धिमा टेवा पु¥याउन मध्यपहाडी लोकमार्ग जनजागरण अभियान सुरु गरिएको अध्यक्ष दाहालले बताए । पहाडका जनताका समस्या समाधान गर्न सरकारलाई खबरदारी गरिने उनको भनाइ छ । यसैगरी सुदुरपश्चिमको विकास नभइ देशको विकास सम्भव नहुने धारणा उनले राखे ।रासस

# धादिङको उत्तरी क्षेत्रमा राधे समूहको आतंकः अस्पतालमै युवामाथि खुकुरी प्रहार

**धादिङ ।**
गुण्डागर्दी, हप्ता असुली र अपराधमा चर्चित नाम हो, राधाकृष्ण भण्डारी उर्फ राधे ।

कुनै समय दिनेश अधिकारी चरिलाई गोली प्रहार गरेको घटनामा जेल समेत बसेर आएका राधे हिजो आज काठमाडौं आउँदैनन् । उनी धादिङमै गुण्डागर्दी मार्फत ठेक्का पट्टा हत्याउने व्यावसायमा छन् ।

जेल भित्रै रहेका समिरमान बस्नेतसँग केही महिनाअघि खटपट भएपनि जेलभित्रैबाट १० लाख रुपैयाँ पठाइ दिएपछि राधेले बाहिरबाट समिरमानको धन्दा समेत सम्हालिरहेका छन् ।

उनै राधे समुहले धादिङको निकै दुर्गममानिने उत्तरी क्षेत्रमा समेत सक्रियता बढाएको छ ।

राधे समुहका गुण्डा नाइके राम अकिलसिंह गुरुङसहितका व्यक्तिले गत वैशाख २६ गते अशोक समुहमा रहेका विवस तामाङ र अशोक तामाङका छोरामाथि खुकुरी प्रहार गरेको छ ।

यसअघि कर्तव्य ज्यान मुद्दामा समेत कैद सजाय भागेर बाहिर आएका अमर तामाङ, झ्याप्ले भन्ने अमर तामाङ, राम अकिल सिंह गुरुङ, सौजल गुरुङ र प्रविन कटुवालको समुहले खुकरी प्रहार गरेको स्थानियले बताएका छन् ।

सुत्केरी महिलालाई उपचारका लागि खनियावास गाउँपालिका ४ दार्खास्थित स्वास्थ्यचौकीमा पुगेका दुई युवामाथि खुकुरी प्रहार भएको घटना सार्वजनिक भएको छ । खुकुरी प्रहारबाट विवस तामाङ गम्भिर घाइते भएको पाइएको छ । स्रोतका अनुसार गत वैशाख २६ गते राती ११ बजेर ३५ मिनेटजाँदा विवसमाथि खुकुरी प्रहार भएको हो ।

घटनाबारे प्रतिक्रियाका लागि जिल्ला प्रहरी कार्यालय धादिङका प्रवक्ता डिएसपी सुवास हमाललाई प्रतिक्रिया माग्दा जाहेरी आएको स्विकार गरे । घाइते तामाङको उपचारका लागि धादिङ हुँदै काठमाडौं ल्याइउको छ । काठमाडौंमा सिटिस्क्यान र एमआरआई गरिएको रिपोर्टमा देखिन्छ ।

घटनापछि पीडित परिवारले अभियुक्तहरुविरुद्ध किटानी जाहेरी समेत दिएपनि प्रहरीले त्यसलाई गम्भिरतापूर्वक अनुसन्धान नगरी पक्राउ नगरेको पीडित परिवारको गुनासो छ । यद्धपी डिएसपी हमाल भने आफूहरुले अनुसन्धान गरिरहेको र आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनका लागि प्रहरी निरिक्षकको नेतृत्वमा कमाण्ड नै पठाउने तयारी रहेको बताए ।

राधे समुहमा रहेका राम अकिल सिंह र झ्याप्ले भनिने अमर तामाङ खुंखार अपराधमा संलग्न छन् ।

२०६९ मंसिर १८ गते भिषण सिंखडासहितको समुहमा रहेका यो घटनामा समेत फरार रहेका अमर लामा समेतका व्यक्तिहरुले स्थानिय विजय तामाङको हत्या गरेका थिए । विजय समर्थित समुहले घटना भएको १२ घण्टा नबित्दै भिषण सिंखडाको अपहरणपछि हत्या गरेको थियो । यो घटना सार्वजनिक भएपछि धादिङको खनियाबासमा हत्याको बदला हत्याले लिने गरेको तथ्य बाहिर आएको थियो ।

भिषण हत्यापछि फरार रहेको समुहले नै सत्यदेवी गाविस ३ स्थित गंगालाल तामाङको हत्या गरेका थिए । २०६७ कार्तिक १ गते दार्खाकै स्थानिय एमाले नेता शिव थापाको हत्या भएको थियो । प्रहरीले घटनालाई समयमै अनुसन्धान गरी कारबाही गर्न नसक्दा यो क्षेत्रमा अपराधको घटना बढ्दो छ ।

# पुँजीगत खर्च दश महिनामा चौँतिस प्रतिशत

**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८१/८२ सकिन दुई महिना मात्रै बाँकी रहँदा सरकारको विकास खर्च भने निकै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत वैशाख मसान्तसम्ममा करिब एक तिहाइ हाराहारी मात्रै पुँजीगत खर्च भएको देखिएको हो ।

चालु आर्थिक वर्षका लागि पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड बजेट छुट्याएको सङ्घ सरकारले हालसम्म वार्षिक विनियोजनको ३४ दशमलव १६ प्रतिशत अर्थात् रु एक खर्ब २० अर्ब ३७ करोड बराबर मात्रै खर्च गर्न सकेको कार्यालयले जनाएको छ ।

यस्तै, चालुगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड विनियोजन भएकोमा वार्षिक लक्ष्यको ६७ दशमलव ७९ प्रतिशत अर्थात् रु सात खर्ब ७३ अर्ब २२ करोड बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा हालसम्मको खर्च ७१ दशमलव ९६ प्रतिशत बराबर छ । यो शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड बराबर विनियोजन भएकामा वैशाख मसान्तसम्ममा रु दुई खर्ब ६४ अर्ब २८ करोड खर्च भएको छ ।

यसरी चालु आर्थिक वर्षको उक्त अवधिसम्मको कुल बजेट खर्च ६२ दशमलव २४ प्रतिशत बराबर छ । यस वर्ष रु १८ खर्ब ६० अर्ब ३० करोडको बजेट ल्याइएकामा सुरुआती दश महिनामा रु ११ खर्ब ५७ अर्ब ८९ करोड बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

खर्चको तुलनामा राजस्व सङ्कलन निकै कम हुँदा यो अवधिमा घाटा बजेट रु दुई खर्ब नाघेको छ । वैशाख मसान्तसम्ममा सरकारले रु नौ खर्ब ४९ अर्ब ७६ करोड बराबर मात्रै राजस्व उठाएको छ, अर्थात् यो अवधिमा सरकारको आम्दानीभन्दा खर्च रू दुई खर्ब आठ अर्ब १३ करोडले बढी छ । चालु आवका लागि सरकारले कुल रु १४ खर्ब ७१ अर्ब ६२ करोड राजस्व उठाउने लक्ष्य राखेको थियो । हालसम्मको राजस्व सङ्कलन वार्षिक लक्ष्यको ६४ दशमलव ५४ प्रतिशत बराबर हो ।

यस्तै, चालु आर्थिक वर्षका लागि रु ५२ अर्ब ३२ करोड बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म लक्ष्यको ३० दशमलव आठ प्रतिशत मात्रै लिइएको छ । वैशाख मसान्तसम्ममा रु १६ अर्ब ११ करोड ८९ लाख बराबर वैदेशिक अनुदान भित्रिएको हो । कर राजस्वतर्फ रु १२ खर्ब ८४ अर्ब २० करोडको वार्षिक लक्ष्य रहेकोमा हालसम्म ६४ दशमलव ५५ प्रतिशत अर्थात् रु आठ खर्ब २८ अर्ब ९४ करोड उठेको छ । यस्तै, गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड उठाउने वार्षिक लक्ष्य रहेकामा हालसम्म ६९ दशमलव दुई प्रतिशत अर्थात् रु ९३ अर्ब ४९ करोड बराबर गैरकर राजस्व उठेको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।रासस

# लागुऔषध कारोबारीको बिगबिगी २४ घण्टामा आठ पक्राउ

**भक्तपुर ।**
भक्तपुरका अवैध लागुऔषध कारोबारी र सेवनकर्ताको बिगबिगी बढेको छ । जिल्ला प्रहरी परिसरले लागुऔषध नियन्त्रण अभियान सुरु गरेसँगै २४ घण्टामा आठ जना कारोबारीलाई पक्राउ गरेको छ ।

विभिन्न जिल्लाबाट भक्तपुर आएर बसोबास गर्नेहरुले यहाँ कारोबार बढाएको र जिल्लावासी युवापुस्तालाई लागुऔषध बिक्री गर्ने गर्दा सेवनकर्तासमेत ह्वात्तै बढेको प्रहरी उपरीक्षक माधव बुढाथोकीले जानकारी दिए । उनले प्रहरी वृत्त र प्रहरी परिसरबाट खटिएको टोलीले सूर्यविनायक नगरपालिका र मध्यपुरथिमि नगरपालिका क्षेत्रबाट २४ घण्टामा लागुऔषधसहित आठ जनालाई पक्राउ गरेको जानकारी दिए ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानले पक्राउपर्नेमा सिन्धुपाल्चोकको जुगल गाउँपालिका–५ घर भई हाल मध्यपुरथिमि–६ सिघिकाली डेरामा बस्ने २३ वर्षीय दिनेश लामा र सर्लाहीको लालबन्दी नगरपालिका–१ घर भई हाल मध्यपुरथिमि सिद्धिकाली बस्ने १८ वर्षीय सागर लामा रहेका छन् ।

प्रहरीले उनीहरु बस्दै आएको कोठामा छापामारी लागुऔषध ट्रमेनिल ४५१ थान, निटजिकेयर एक हजार १९० थान, निटरभेट ७२ थान, गाँजा प्रजातिको पोल्यण्ड नामको लागुऔषध ८४० ग्राम, खैरो हिरोइन ९५० मिलिग्राम, दुई थान मोबाइल र नगद सात हजार रुपैयाँ बरामद गरेको प्रनाउ नेउपानेले जानकारी दिए ।

त्यसैगरी प्रहरीले मध्यपुरथिमि–९ बोडे बस्दै आएका खोटाङको ऐँसेलुखर्क गाउँपालिका–८ घर भएका २५ वर्षीय स्वदेश राई, काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका घर भएका २९ वर्षीय छिरिङ लामा, मध्यपुरथिमि–९ बोडेका २५ वर्षीय अमीर बस्नेत, मध्यपुरथिमि–७ धुञ्चेपाखाका २१ वर्षीय नेस्नल भन्ने सम्राट राई र सिन्धुपाल्चोकको लिशङ्खुपाखर गाउँपालिका–३ घर भई हाल काठमाडौँ कागेश्वरी मनोहरा बस्ने २७ वर्षीय विकास लामालाई पनि पक्राउ गरेको छ ।

उनीहरूलाई मध्यपुरथिमिको बोडे बस्ने स्वदेश राईको कोठाबाट पक्राउ गरिएको जानकारी दिँदै प्रहरीले उनीहरूको साथबाट लागुऔषध इपेस्पेन ४५० पिस, ट्रामाडोल १८० थान, स्टेगा १७३ थान, पोलाण्ड ४६६ थान, नगद पाँच हजार रुपैयाँ र मोबाइल तीन थान बरामद गरेको उनले बताए । प्रहरीले शुक्रवार उनीहरुलाई जिल्ला अदालतबाट म्याद थप गरी लागुऔषध कसुरमा थप अनुसन्धान एवं कारबाही अगाडि बढाएको उनले बताए ।

त्यस्तै सूर्यविनायक नगरपालिका–२ बालकोटबाट नुवाकोटको ककनी गाउँपालिका–२ ओखरपौवा घर भई बालकोट डेरा गरी बस्ने ३७ वर्षीय हरिनाथ कोइरालालाई उनकै डेरा कोठाबाट एक ग्राम ३२ मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको प्रहरी नायब उपरीक्षक नेउपानेले जानकारी गराए । लागुऔषध कसुरमा म्याद थपगरी अनुसन्धान कार्य भइरहेको उनले बताए ।रासस

# राष्ट्रियसभाका अध्यक्ष दाहालसँग चीनको एनपीसी उपाध्यक्षको भेटवार्ता

**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग चीनको राष्ट्रिय जनकङ्ग्रेस स्थायी समितिका उपाध्यक्ष सियाओ जीले भेटवार्ता गरेका छन । नेपाल भ्रमणमा रहनुभएका उपाध्यक्ष जीले आज सङ्घीय संसद् भवन बानेश्वरमा भेटवार्ता गरेका हुन ।

भेटमा दुई देशबीचको सम्बन्ध, संसदीय सहकार्य र आपसी हितका विषयमा छलफल भएको थियो । सो अवसरमा अध्यक्ष दाहालले नेपाल–चीन सम्बन्ध मानव सभ्यताको विकाससँगै सुरू भएको चर्चा गर्दै पछिल्ला वर्षमा दुई देशबीचको सम्बन्ध झन निकट र प्रगाढ रहेको बताए । ‘दुई देशबीचको पुरानो सम्बन्ध र सभ्यतासँगै विकसित हुँदै आएको छ । भृकुटी र अरनिको जस्ता ऐतिहासिक व्यक्तित्वले निर्माण गरेको हाम्रो सम्बन्ध निरन्तर विकास र सुदृढ हुँदै गएको छ’, अध्यक्ष दाहालले भने, ‘भविष्यमा हाम्रो मैत्रीपूर्ण र सहयोगात्मक सम्बन्ध अझ सुदृढ हुने कुरामा म विश्वस्त छु ।’राष्ट्रपति, प्रधानमन्त्रीदेखि विभिन्न राजनीतिक एवम् संसदीय भ्रमणहरूले दुई देशको सम्बन्ध विस्तार र अनुभव आदानप्रदानमा महत्त्वपूर्ण भूमिका खेलेको अध्यक्ष दाहालले बताए ।

नेपालले आयोजना गरेको सगरमाथा संवादमा सहभागी हुन आएकोमा खुसी व्यक्त गर्दै अध्यक्ष दाहालले सगरमाथा संवादले सरोकारवाला सबैलाई एकै ठाउँमा ल्याएर अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय मुद्दा एवम् चुनौतीहरू सम्बोधन गर्नका लागि सहमति र सहकार्य अघि बढाउन सहयोग पु¥याउने बताए ।सो अवसरमा चीनको राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समितिका उपाध्यक्ष सियाओ जीले नेपाल चीनको असल छिमेकी देश भएको बताए । उनले नेपाल रणनीतिक, सांस्कृतिक तथा सामाजिक हिसाबले निकै महत्त्वपूर्ण छिमेकी भएको भन्दै दुई देशले क्षेत्रीय तथा पारस्पारिक विकासमा सहयोगमा गरिरहेको बताए ।

नेपाल विगतदेखि नै एक चीन नीतिप्रति प्रतिबद्ध रहेकोमा खुसी व्यक्त गर्दै उनले चीनविरुद्ध नेपाली भूमि प्रयोग गर्न नदिने नीतिको प्रशंसा गरे । जलवायु परिवर्तनको अवसर न्यूनीकरणका लागि नेपालले गरेको प्रयास निकै सह्रानीय रहेको भन्दै उपाध्यक्ष जीले नेपाल र चीन दुवै देश ट्रान्स हिमालयन राष्ट्र भएकाले यसका चुनौती र अवसर पनि साझा भएको बताए ।
रासस

# प्रधानमन्त्रीसँग भारतका वनमन्त्रीको शिष्टाचार भेट

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारतका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री भूपेन्द्र यादवले शिष्टाचार भेट गरेका |छन ।

प्रधानमन्त्री निवास बालुलाटारमा भएको भेटमा मन्त्री यादवले नेपालमा सगरमाथा संवाद कार्यक्रमका लागि आमन्त्रण गरेकामा धन्यवाद दिँदै सगरमाथा विश्वकै छानो भएकाले यसको सुरक्षामा सबैको ध्यान जानुपर्ने बताए ।

प्रधानमन्त्री ओलीले संवाद कार्यक्रममा सहभागिता र उद्धाटन समारोहमा सन्देशयुक्त मन्तव्यका लागि मन्त्री यादवलाई धन्यवाद दिए । उनले हिमालहरूको रक्षा, डढाइएका छ्वालीको धुवाँबाट वातावरणीय असरका विषयमा नेपाल, भारत, बङ्गलादेशलगायत मुलुक मिलेर क्षेत्रीय खालका यस्ता सम्मेलन आयोजना गर्न प्रस्ताव गरे ।

भेटका अवसरमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडा, परराष्ट्र मन्त्रालयका अधिकारीलगायत सहभागी थिए ।रासस

# सांसद भट्टराईको सुझावः ८० प्रतिशत बजेट ठूला आयोजनामा केन्द्रित गरौँ

**काठमाडौँ ।**
प्रतिनिधिसभाको शुक्रवारको बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरिने विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल गर्दै सांसद योगेश भट्टराईले पुँजीगत खर्चमा उल्लेखनीय वृद्धि गर्न सरकारलाई आग्रह गरे ।

उनले कम बजेटबाट पनि प्रतिफल दिने आयोजना तयार गर्न सकिने उल्लेख गर्दै ठूला परियोजनामा प्राथमिकता दिनुपर्ने धारणा राखे । भट्टराईले भने, ‘८० प्रतिशत बजेट ठूला आयोजनामा लगाऔँ, बाँकी रकम अन्य प्रभावकारी परियोजनामा विनियोजन गरौँ । सङ्घीय सांसदलाई पनि यस प्रक्रियामा संलग्न गरौँ । यसले बजेट कार्यान्वयन र जवाफदेहिता सुनिश्चित गर्छ ।’

उनले काम सम्पन्न भइसकेका आयोजनाहरूको भुक्तानी नहुनु निर्माण व्यवसायीका लागि चुनौती भएको उल्लेख गर्दै सार्वजनिक खरिद ऐनलाई व्यावहारिक बनाउँदै आवश्यक संशोधन गर्नुपर्ने बताए । ‘बजेट हुँदाहुँदै पनि काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्नुपर्छ’, उनले भने ।

सांसद भट्टराईले संसद्, न्यायालय र अख्तियारजस्ता संवैधानिक निकायहरू विकासमा सहयोगी बन्नुपर्नेमा जोड दिए । उत्पादन र वितरणमा समानुपातिकता नआएसम्म दिगो आर्थिक वृद्धि सम्भव नहुने बताउँदै उनले भने, ‘व्यापक उत्पादन र न्यायोचित वितरण नै समाजवादको मूल आधार हो । अहिले नै कृषियोग्य जमिनको संरक्षण र उपयोगमा ध्यान दिएनौँ भने आगामी पुस्तालाई के देखाउने ?’

सहकारीपीडितको न्यूनतम लगानी फिर्ता गर्न सरकारलाई विशेष कोषको व्यवस्था गर्नुपर्ने सुझाव दिँदै, उनले हिनामिना गर्ने सञ्चालकहरूको सम्पत्तिबाट असुल गर्नुपर्ने र लघुवित्त तथा मिटरब्याजपीडितहरूको रकम तुरुन्त फिर्ता गरिनुपर्ने माग गरे । उनले आगामी बजेटले राजनीतिक दलहरूबीच सहकार्यलाई सुदृढ बनाउने र नेपाली जनतामा आशावाद र विश्वास जगाउने उल्लेख गरे ।रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# मधेश प्रदेशः जीवन बिमाबाट ११ अर्ब १६ करोड सङ्कलन

वीरगंज । नेपाल बिमा प्राधिकरण मधेश प्रदेश कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा जीवन बिमा शुल्कबापत ११ अर्ब १६ करोड ७९ लाख रकम सङ्कलन गरेको छ । कार्यालयले गत वर्ष जीवन बिमा शुल्कतर्फ भने १४ अर्ब १ करोड २८ लाख सङ्कलन गरेको थियो । कार्यालय प्रमुख प्रीति देवले चालु आवको नौ महिनामा ८६ हजार ६७० ले जीवन बिमा गरेका बताइन् । कार्यालयले सोही अवधिमा २ अर्ब ५४ करोड ६० लाख दाबी भुक्तानी गरेको छ । अझै ३९ करोड ६४ लाख दाबी भुक्तानी गर्न बाँकी रहेको उनले जानकारी दिइन् । प्राधिकरणले जीवन बिमातर्फ सातवटै प्रदेशबाट चैत मसान्तसम्म १ खर्ब २७ अर्ब ३ करोड शुल्क सङ्कलन भएको छ । रासस

# वीरगंज भन्सारद्वारा १० महिनामा एक खर्ब ४० अर्ब राजस्व सङ्कलन


वीरगंज । वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको १० महिनामा एक खर्ब ४० अर्ब ४२ करोड राजस्व सङ्कलन गरेको छ । कार्यालयले सो अवधिमा कूल वार्षिक लक्ष्यको ६४ दशमलव १३ प्रतिशत राजस्व सङ्कलन गरेको हो । कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आर्थिक वर्षमा राजस्व सङ्कलनमा बढोत्तरी हुँदै आएको जानकारी दिए । 'चालु आव सकिन अब दुई महिनामात्रै बाँकी छ', उनले भने, 'सो अवधिमा राजस्व सङ्कलनमा उल्लेखनीय सुधार हुने अपेक्षा गरेका छौं ।' कार्यालयले साउनमा १२ अर्ब १५ करोड, भदौमा १३ अर्ब ४२ करोड, असोजमा १३ अर्ब ४७ करोड, कात्तिकमा ११ अर्ब १० करोड, मङ्सिरमा १४ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो । त्यस्तै पुसमा १५ अर्ब ४७ करोड, माघमा १४ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको थियो । यस्तै फागुनमा १४ अर्ब ६३ करोड राजस्व सङ्कलन गरेको छ भने चैतमा भने १५ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको छ । वैशाखमा भने १६ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले कार्यालयका लागि वार्षिक २ खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ । रासस

# एसपी गौतम मिश्रको कडा एक्सनः एकैदिन १९५ फरार प्रतिवादी पक्राउ

मधेशदृष्टि
वीरगंज । पर्सा जिल्लाको अपराध नियन्त्रणमा तीव्र सक्रियता देखाउँदै प्रहरी प्रमुख एसपी गौतम मिश्रले चकित पार्ने सफलता हात पारेका छन् । आफ्नो कार्यकालको छोटो अवधिमै उनले कठोर निर्देशन र रणनीतिक समन्वयका साथ अपराध नियन्त्रण अभियानलाई तीव्र गतिमा अघि बढाएका हुन् । एसपी मिश्रको नेतृत्वमा सञ्चालन गरिएको 'फैसला कार्यान्वयन विशेष अभियान' अन्तर्गत एकै दिनमा फरार रहेका १९५ जना प्रतिवादीहरू पक्राउ परेका छन् । यी सबै विभिन्न आपराधिक मुद्दामा अदालतबाट सजाय तोकिएर लामो समयदेखि फरार थिए । पर्सा जिल्ला प्रहरी कार्यालयका अनुसार पक्राउ परेका प्रतिवादीहरूमाथि अदालतबाट पहिल्यै कैद र जरिवानाको फैसला भइसकेको थियो । तर, वर्षौंदेखि उनीहरू कानुनी प्रक्रियाबाट उम्किरहँदा अदालतको निर्णय कागजमै सीमित थियो । अब भने प्रहरीको सक्रियतामा १ करोड १२ लाख ८० हजार ३३८ रुपैयाँ बराबरको जरिवाना र ३८ वर्ष १ महिना ७ दिन बराबरको कैद सजायको कार्यान्वयन हुने निश्चित भएको छ । यो एकैपटक अदालतको अधिकार र प्रहरीको प्रतिबद्धता दुवैको सशक्त उदाहरण बनेको छ । एसपी मिश्रले जिम्मेवारी सम्हालेको केही साता नपुग्दै प्रहरीले अवैध सामान, तस्करी र लागुऔषध कारोबारमा संलग्नहरूमाथि तीव्र निगरानी बढाएको छ । परिणामस्वरूप करोडौंको अवैध सामान बरामद गरिएको प्रहरी स्रोत बताउँछ । उनको निर्देशनमा सञ्चालन गरिएको फरार प्रतिवादी नियन्त्रण अभियानले जिल्लाभरि अपराधीमाझ त्रास फैलाएको छ । खासगरी सीमावर्ती क्षेत्र भएकाले भारत–नेपाल सीमानामा हुने तस्करी, लागुऔषध ओसारपसार तथा फरार प्रतिवादीहरूको सक्रियता न्यून गर्ने उद्देश्यले यो पहल गरिएको हो । एसपी मिश्रले भने, 'कानून सबैका लागि समान हो । अदालतले गरेको फैसला कार्यान्वयन नगरी न्यायको अनुभूति हुँदैन । हामी कानूनी राज्य निर्माणको अभ्यास गर्दैछौं ।' उनले अपराधमाथि शून्य सहनशीलता नीति लिएको बताउँदै भने, 'फरार अपराधीहरू अब कतै लुक्न सक्दैनन् । प्रहरीले कानूनी दायरामा ल्याउनेछ ।'




# ४९ जना सशस्त्र प्रहरीलाई ११ हप्ते विपद् व्यवस्थापन तालिम



मधेशदृष्टि
सप्तरी । विपद्ले विनाश गर्छ, विनाशले जीवनचक्र आतंकित बनाउँछ, आतंकले जनधनको क्षति र तनाव बढाउँछ । मानव जीवनमा अप्ठ्यारो, आपत्कालिन, भयभित अवस्था सिर्जना भई धनजनको क्षति हुनु विपद्को समय हो । मानव संकटले जीवन सञ्चालनमा अवरोध गर्ने हुँदा विपद् जोखिममा हासियारी अपनाउनुपर्छ । यस्तो संकट आकस्मिक र अप्रत्याशित रुपमा आउने हुँदा विपद्र विरुद्ध सधैँ होसियारी सहित शासकीय तयारी हुनुपर्छ । यही तयारीका साथ तराई मधेशको जिल्लाहरुमा आउने बाढी, हावाहुरी, चट्याङ्ग, स्वास्थ्य प्रकोप, आगलागी, ढढेलो तथा अन्य विपदाको समयमा विपद् व्यवस्थापन अभ्यास सहितका तालिम सशस्त्र प्रहरीले सम्पन्न गरेको छ । प्राकृतिक विपत्ति मानवीय कारणबाट हुने विपद् आगलागी, कमजोर संरचनाको निर्माण, दुर्घटना, वातावरणको विनाशबाट हुने जोखिम जस्ता विषयमा सशस्त्र प्रहरी बल, नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालयमा विपद् व्यवस्थापन सम्बन्धी तालिम समापन भएको हो ।

तालिम समापन समारोहमा सशस्त्र प्रहरी मधेश प्रदेश छिन्नमस्ता वाहिनी मुख्यालयका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कृष्ण ढकालले दुर्घटना र भूकम्पको प्रकोप जतिबेला पनि हुन सक्ने तर वर्षा शुरु हुनुअघि हावाहुरी, आगलागी र चट्याङ तथा स्वास्थ्यको प्रकोप जोखिम हुने समयका लागि विपद् व्यवस्थापनको तालिम दिइएको बताए । वर्षाको समय प्रायः असाढदेखि भदौसम्म एक सय बीस दिन खतरा वा जोखिम हुने तथा हाम्रो भूबनोट र प्राकृतिक कारण हावाहुरी, आगलागी, चट्याङ, स्वास्थ्यको प्रकोप र वर्षा हाम्रा लागि निकै चुनौती र कष्टकर हुने मौसमका लागि विपद् व्यवस्थापन तालिम डेमो प्रदर्शनसहित समापन गरिएको डिआईजी कृष्ण ढकालले जानकारी दिए । सप्तरीको बरमझियास्थित शिक्षालयमा एक हप्ता अवधिको तालिममा सशस्त्र प्रहरी जवानदेखि सशस्त्र प्रहरी सहायक निरीक्षक दर्जासम्मका ४९ जना सशस्त्र प्रहरी कर्मचारीहरु सहभागी भएका थिए । प्रशिक्षार्थीहरुलाई सडक तथा हवाई दुर्घटना, फायर फाईटिङ्ग, रोप रेक्यू, शव व्यवस्थापन, जल उत्पन्न प्रकोप उद्धार, डढेलो नियन्त्रण बन्दोवस्ती व्यवस्थापन लगायतका विषयहरुमा प्रशिक्षण गराइएको थियो । समापन कार्यक्रममा तालिमका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र तथा विपद् व्यवस्थापन तालिमको ट्याग वाहिनीपति ढकालले प्रदान गरेका थिए । तालिम समापन समारोहमा उनले भने, 'विपद् उद्धार कार्य मानवीय संवेदनशिलता एवम् विशुद्ध सेवा भावबाट गरिने पवित्र कार्य भएकाले तालिममा सिकेका ज्ञान र सीपलाई कार्यक्षेत्रमा समर्पित भएर जिम्मेवारीपुर्ण ढंगले लागू गर्नु हाम्रो धर्म हो ।' सशस्त्र प्रहरी मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षक कृष्ण ढकालले नजिर्किदै गरेको मनसुनजन्य जोखिम न्यूनिकरणका लागि तयारी अवस्थामा रहन निर्देशन दिँदै नागरिक र स्थानीय तहको सहकार्यमा देशैभरिका सबै स्थानीय तहका प्रत्येक वडाहरुमा विपद् व्यवस्थापन स्वयंसेवक टोली तयार गर्ने सशस्त्र प्रहरी बलको योजना अनुरुप विपद् व्यवस्थापनमा स्वयंसेवकको अवधारणा कार्यान्वयनको चरणमा रहेको बताए । मधेश प्रदेशका ८ वटै जिल्लास्थित युनिटहरुमा तदारुकताको साथ कार्यान्वयन गर्दै अघि बढाउने वाहिनीपतिहरुलाई निर्देशन दिए । तालिम शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक नेत्र बहादुर कार्कीले शिक्षालयमा विपद् व्यवस्थापन, वाटर रेस्क्यु, प्रतिविद्रोह, विशेषकार्य जस्ता विशेष प्रकृतिका तालिमहरु संचालन गर्दै दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको जानकारी गराए । सोही अवसरमा विपद् प्रतिकार्यमा सशस्त्र प्रहरीले प्रयोग गर्दै आइरहेको विभिन्न आधुनिक उपकरण तथा सामग्रीहरुको प्रदर्शन गरिएको थियो । अघिल्ला वर्षहरुमा भएका विपद्का घटनालाई विश्लेषण गर्दै सशस्त्र प्रहरीले देशभरका युनिटहरुमा मनसुनजन्य विपद् न्युनिकरण तथा उद्दारका लागि तयारी थालेको छ । विपद् सम्बन्धी अनुशिक्षण तथा कृतिम अभ्यासहरुको संचालन गरि जोखिम न्युनिकरणमा तयारी गरिएको सशस्त्र प्रहरीले जनाएको छ । नेपालमा हावाहुरी, चट्याङ, बाढी पहिरो, भूकम्प, आगलागी, दुर्घटना र स्वास्थ्यको प्रकोपको जोखिम रहेको छ ।

# वीरगंज नाका हुँदै एक महिनामा कृषि सामग्रीको १५ हजार टन डीएपी मल भित्रियो

मधेशदृष्टि
वीरगंज । वीरगंज नाका हुँदै एक महिनाको अवधिमा कृषि सामग्री कम्पनीको १५ हजार टन डीएपी मल भित्रिएको छ । कम्पनीको वीरगंज प्रादेशिक कार्यालयका प्रमुख दुर्गाप्रसाद पाण्डेका अनुसार भारतको कोलकाताबाट मल बोकेर बुधबार रेल्वे र्‍याक आइपुगेको हो ।

एउटा रेल्वे र्‍याकले सामान्यतया २ हजार ५ सय टन मल बोक्छ । कुल ६ र्‍याकमध्ये आधा सीमापारि भारतीय रेल्वे स्टेसन रक्सौलमा ३ वटा र सिर्सिया सुक्खा बन्दरगाहमा ३ वटा र्‍याक आइपुगेका हुन् । कूल १५ हजार टन डीएपीमध्ये ६ हजार टन डीएपी कम्पनी प्रादेशिक कार्यालय वीरगंजको गोदाममा भण्डारण भइसकेको छ । बाँकी मल भैरहवा र विराटनगर प्रादेशिक कार्यालय लगिँदै छ । वीरगंज कार्यालयको मल रक्सौल रेल्वे स्टेसनमा तथा विराटनगर र भैरहवाको मल सिर्सिया सुक्खा बन्दरगाहमा आइरहेको छ । ग्लोबल टेन्डरबाट सन इन्टरनेसनल कम्पनीले यो मल आपूर्तिको ठेक्का पाएको हो । २५ हजार टन डीएपी मलको ये कन्साइन्मेन्टअन्तर्गत ९ हजार ५ सय टन मल वीरगंज प्रादेशिक कार्यालयले पाउने छ । बाँकी मल भैरहवा र विराटनगर प्रादेशिक कार्यालयले पाउने छन् ।

हाल चैते धान बालीका लागि डीएपी मलको माग नरहेकाले आउँदो वर्षे धान बाली सिजनका लागि यो कन्साइन्मेन्टको मल उपयोगी हुने पाण्डेले बताए । कम्पनी मधेश प्रादेशिक कार्यालयले मधेश प्रदेशका जिल्लाका साथै बागमती र गण्डकी प्रदेशका समेत गरी १६ जिल्लामा मल परिचालनको जिम्मेवारी वहन गर्दै आएको छ । कम्पनीको युरिया मल भने नेपाल आउन पुग्न अझै समय लाग्ने पाण्डेले जानकारी दिए । ३० हजार टनको उक्त कन्साइन्मेन्टको मल हाल कोलकाता बन्दरगाह आइपुगेको जानकारी आफूले पाएको उनले बताए । समयमै युरिया मल आएको खण्डमा आउँदो बर्खेबाली सिजनका लागि युरिया मलको माग सहजै धान्न सकिने उनले बताए ।

# गृहमन्त्री लेखीद्वारा थारु कुट्टीको निरीक्षण

मधेशदृष्टि
जनकपुरधाम । मधेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले जनकपुरधाममा निर्माणाधीन अवस्थामा रहेको थारु कुट्टीको स्थलगत निरीक्षण गरेका छन् ।

प्रदेश सरकारको प्रवक्ता समेत रहेका मन्त्री लेखीले प्रदेश सरकारको अनुदानमा जनकपुरधाममा निर्माण कार्य भइरहेको कुट्टीको निरीक्षण अवलोकन गरेका हुन् । गृहमन्त्री लेखीको विशेष पहलमा चालु आर्थिक वर्ष २०८१÷०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत ३५ लाख रुपैयाँको लागतमा थारु समुदायहरुको थारु कुट्टी निर्माण हुन लागेको हो । निरीक्षणमा गृहमन्त्री लेखीले हालसम्मको निर्माण कार्य संतोषजनक रहेको प्रतिक्रिया दिदै बाँकी रहेको कार्य पनि समयमै सम्पन्न हुने गरी गुणस्तरीय रुपमा गर्न निर्माण कार्यमा संलग्न प्राविधिक तथा कामदारहरुलाई निर्देशन दिए । गृहमन्त्री लेखी शनिबार सप्तरीको विभिन्न योजनाहरुको शिलान्यास कार्यक्रममा सहभागी हुने कार्यक्रम रहेको जनाइएको छ ।

# लाठद्वारा लिखित संस्मरण पुस्तक 'सीमान्त सम्झना' को बिमोचन



मधेशदृष्टि
वीरगंज । वीरगंजका व्यवसायी तथा साहित्यकार गणेशप्रसाद लाठद्वारा लिखित संस्मरण पुस्तक सीमान्त सम्झनाको गृहजिल्लामा बिमोचन गरिएको छ । पाठशाला नेपाल, प्रकाशन गृह नेपालालय लगायत, रेसखबर र नारायणी एफएमको संयुक्त आयोजनामा वीरगंजमा सीमान्त सम्झनाको बिमोचन गरिएको हो ।

वीरगंजको विगतको अवस्थालाई बुझ्न र यहाँको सामाजिक तथा व्यवसायीक परिवेशलाई नियाल्नका लागि पनि पुस्तक पठनयोग्य रहेको पाठशाला नेपालका अध्यक्ष बालगोपाल थापाले बताए । उनकाअनुसार यसपुस्तकमा वीरगंजसँग जोडिएका दुर्लभ र धेरैले थाहा नपाएका प्रसंगहरु पनि तथ्यपरक र सरल ढंगले प्रस्तुत गरिएको छ । सीमान्त सम्झनाक पुस्तकको बारेमा चर्चा गर्दै वरिष्ठ पत्रकार चन्द्रकिशोर झाले क्रान्तिको किल्ला, देशकै प्रमुख प्रवेशद्वार र यहाँको माटोको बारेमा व्याख्या गरिएको बताए । सामाजिक विषयवस्तुमा लेखकले आफ्नो अनुभव मात्रै नभएर ति कुरालाई पुष्टि गर्ने आधार पनि उल्लेख गरिएको झाको भनाई छ ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेसान सिंह, वरिष्ठ उद्योगी बाबुलाल चाचान, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, लेखक गिरीश गिरी लगायतका सहभागिता रहेको थियो ।

# सडक विस्तारको विषयमा विवाद हुँदा प्रजिअलाई ज्ञापन

मधेशदृष्टि
वीरगंज । वीरगंज महानगरपालिका वडा नम्बर २१ परवानीपुरमा सडक विस्तारको विषयमा विवाद भएपछि स्थानीयले पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन् । सडक विस्तार गर्ने र विकास गर्ने विषय सराहनिय भएपनि पूर्वजानकारी र सूचना बिनानै मापदण्डविपरित संरचना तोडफोड गर्नु उचित नभएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ । बिना कुनै नापजाँच तथा जग्गा छुट्याउने कार्य नै नगरी एकलौटी ढंगले मनोपोली रुपमा सडकको दक्षिणतर्फको व्यक्तिको दबाब र प्रभावमा परी बदनियत रुपमा उत्तरतर्फको जग्गामा भएका संरचना भत्काइएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालालाई बुझाइएको ज्ञापन पत्रमा उल्लेख छ । स्थानीय सर्जुग महतोले आफ्नो घर हचुवाको भरमा तोडफोड गरिएको भन्दै दुखेसो पोखे ।

न्युनतम मापदण्ड अनुसार सडक चौडा गर्दा पुरानो सडकबाट अपुग भएको खण्डमा दुवैतर्फबाट जग्गा लिई सडक चौडा गर्नुपर्नेमा एकतर्फ छोडेर अर्को तर्फ मात्रै तोडफोड गर्नु उचित नभएको उनीहरुको भनाई छ ।

तोडफोडबाट भएको क्षतिको क्षतिपूर्ती पाउनुपर्ने उनीहरुले माग गरेका छन् । साथै एकतर्फबाट मात्रै सडकको विकास नहुने भन्दै सडक बनाउने कार्य रोक्न र न्यायोचित ढंगबाट दुवैतर्फको जग्गामा बराबर नापजाँच गरेर मात्रै सडक विस्तारको कार्य अघि बढाउन उनीहरुले माग गरेका छन् । अन्यायपूर्ण किसिमबाट हुने गतिविधि स्वीकार्य नहुने भन्दै त्यसबाट आउन सक्ने अवस्थाको जिम्मेवार वीरगंज महानगरपालिकाका प्रमुख र वडाअध्यक्ष हुनुपर्ने चेतावनी पनि उनीहरुले दिएका छन् ।

सर्जुग महतोको नेतृत्वमा पुगेको टोलीमा अर्जुन मण्डल, रञ्जित मण्डल लगायतले प्रमुख जिल्ला अधिकारी अर्याललाई ज्ञापन पत्र बुझाएका हुन् । ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी अर्यालले मागप्रति प्रशासन गम्भिर रहेको बताउँदै यथाशीघ्र समस्याको समाधान गर्ने आश्वासन दिए ।

# लखनउले जित्यो जनकपुरधाम मेयर कपको उपाधि




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशालामा सम्पन्न तेस्रो जनकपुरधाम मेयर टी–२० क्रिकेट प्रतियोगिताको उपाधि भारतको उत्तर प्रदेशको लखनउ टिमले जितेको छ । फाइनल खेलमा उत्कृष्ट ब्याटिङ र बलिङ प्रदर्शन गर्दै लखनउले बारा जिल्ला टिमलाई ८ विकेटले पराजित गर्दै विजयीको ट्रफी आफ्नो पक्षमा पार्न सफल भयो । टस जितेर पहिले फिल्डिङ रोजेको लखनउले बारा टिमलाई १६८ रनमा सीमित गरेपछि १७.४ ओभरमा मात्र २ विकेट गुमाएर १७३ रनको विशाल लक्ष्य सहजै पार गर्यो । खेलको शुरुवातदेखि नै आक्रामक रणनीति अपनाएको लखनउले दोस्रो इनिङमा उत्कृष्ट ब्याटिङ गर्दै उपाधि सुनिश्चित गर्यो । प्रतियोगितामा बारा टिमबाट खेलेका राष्ट्रिय खेलाडी विवेक यादव सम्पूर्ण प्रतियोगिताका स्टार खेलाडी सावित भए । उनले एक शतक र एक अर्धशतक सहित कुल २२५ रन बनाउँदै प्लेयर अफ द सिरिज र बेस्ट ब्याट्सम्यान दुवै उपाधि हात पारे । त्यसैगरी, सेमिफाइनलमा ५ विकेट लिँदै उनले आफ्नो ऑल–राउन्ड क्षमता पनि देखाए । पर्सा टिमबाट खेलेका रञ्जित कुमारले २ म्याचका दुई इनिङमा ६ विकेट लिँदै बेस्ट बलरको उपाधि जिते । उत्कृष्ट ब्याट्सम्यान र बलरले नगद १०÷१० हजारसहित ट्रफी प्राप्त गरे भने विवेक यादवले प्लेयर अफ द सिरिजको रूपमा १५ हजार नगद सहित ट्रफी प्राप्त गरे । जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा भएको यो प्रतियोगिता नेपाल क्रिकेट संघको सहयोग तथा जिल्ला क्रिकेट संघ धनुषाको समन्वयमा सम्पन्न भएको हो । प्रतियोगितामा मधेश प्रदेशका ८ जिल्लाका टिमसहित भारत बिहारका २, दिल्लीको १ र उत्तर प्रदेशको लखनउ टिम गरी जम्मा १२ टिमको सहभागिता रहेको थियो । यसले प्रतियोगितालाई अन्तर्राष्ट्रिय स्वरूप दिएको छ । विजयी टिम तथा व्यक्तिगत विधामा अब्बल ठहरिएका खेलाडीहरूलाई मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शिल्ड, मेडल, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरे । मुख्यमन्त्री सिंहले सो अवसरमा रामजानकी रंगशालाको निर्माणका लागि प्रदेश सरकारले साढे दुई अर्बको बजेट तयारी गरेको र छिट्टै टेण्डर प्रक्रिया अघि बढाइने जानकारी गराए । जग्गाको विषयमा सहमति भएपछि रंगशालाको निर्माण कार्य तीव्र गतिमा अघि बढाइने उनले बताए । तेस्रो संस्करणमा प्रवेश गरेको जनकपुरधाम मेयर कप टी–२० क्रिकेट प्रतियोगिता अब मधेश क्षेत्रको प्रतिष्ठित खेल उत्सव बन्न थालेको छ । प्रतियोगिताले मधेश प्रदेशका प्रतिभाशाली युवा खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रदर्शन गर्ने महत्वपूर्ण अवसर दिएको छ । लखनउको उपाधि जितसँगै यो प्रतियोगिता सीमापार खेलमैत्री सम्बन्धको पनि प्रतीक बनेको छ ।

# धनुषाको कमलामा ग्यास विष्फोटपछि भीषण आगलागीः ७ परिवारमा करोडौंको क्षति, पीडितहरू बिचल्लीमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको कमला नगरपालिका–५ अन्तर्गत नेपाली टोल शनिबार दिउँसो एकाएक भीषण आगलागीको चपेटामा पर्यो । स्थानीय रामकुमार सहनीको घरमा ग्यास सिलिन्डर विस्फोट भएसँगै शुरु भएको आगलागीले सो क्षेत्रका आधा दर्जन घर पूर्णरूपमा नष्ट गरिदिएको छ । आगलागीबाट एक करोड रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।


शनिबार दिउँसो ३ बजेतिर रामकुमार सहनीको घरमा अचानक ग्यास विस्फोट हुँदा शुरु भएको आगलागीले उनको घर मात्र नभई वरपरका ६ वटा घरहरू समेत खरानी बनाएको हो । सोही घटनामा श्रवण सहनी, दिलिप सहनी, दिपेन्द्र सहनी, सिताराम सहनी, बिहारी सहनी र सोनेलाल सहनीका घर पूर्ण रूपमा जलेर नष्ट भएका छन् । रामकुमार सहनीको घरमा रहेको सुनचाँदी, नगद, मोटरसाइकल, लत्ताकपडा, किराना पसलसहित सबै सामग्री पूर्ण रूपमा जलेर नष्ट भएका छन् । उनले केही समयअघि मात्र सहकारी संस्थाबाट दुई लाख रुपैयाँ ऋण लिएका थिए । सो पैसा पनि आगलागीमा खरानी भयो। यता, श्रवण, दिलिप, दिपेन्द्र, सिताराम, बिहारी र सोनेलाल सहनीका घरहरूमा पनि यस्तै अवस्था छ । 'एउटा भाँडो पनि बाँकी छैन,' पीडितहरूले भने, 'सबैथोक खरानी भयो, हामी सडकमा छौं ।' आगलागीमा प्रेम सहनी र रविन्द्र साहको घरमा आंशिक क्षति पुगेको छ भने सोनेलालको नातिनीको विवाहमा ल्याइएको जेनेरेटर, पण्डाल र अन्य तयारी सामग्रीहरू पनि जलेर नष्ट भएका छन् । सो टोल कमला नगरपालिकाका नगर प्रमुख विशेश्वर यादवको आफैंको बसोबास क्षेत्र पनि हो । आगलागीलगत्तै नगर प्रमुख यादव घटनास्थलमै पुगेर राहत तथा उद्धार कार्यको समन्वय गरेका थिए । उनको रोहवरमा स्थानीय, दमकल र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा ल्याइएको थियो । नगरपालिकाको समन्वयमा



प्लान इन्टरनेशनल नेपाल र नेपाल रेडक्रस सोसाइटीले पीडितहरूलाई तत्काल बसोबासका लागि केही सामान र आवश्यक खाद्यान्न सामग्री उपलब्ध गराएका छन् । नगर प्रमुख यादवले आगलागीबाट पीडित बनेका परिवारहरूका लागि तत्काल राहत बाहेक दीर्घकालीन पुनःस्थापना योजना बनाइरहेको जानकारी दिए। 'हामीले घर पुनःनिर्माणमा सहयोग गर्ने पहल थालेका छौं,' उनले भने, 'पीडितहरूको पीडामा स्थानीय सरकार सधैं साथमा हुनेछ ।' हाल आगलागी पीडितहरू खुला आकाशमुनि अस्थायी आश्रयमा बस्न बाध्य छन् । यता, घटनाको एकहप्ता बितिसक्दासमेत प्रदेश सरकारलाई जानकारी हुँदाहुँदै पनि सहयोगको कुनै श्आश्वासन नपाएको पीडितहरूले बताए । उनीहरूले राज्य र दातृ निकायसँग राहत र पुनःनिर्माणका लागि सहयोगको अपिल गरेका छन् ।

# सानियाको रहस्यमय मृत्युपछि श्रीमानविरुद्ध आत्महत्या दुरुत्साहन मुद्दा

**मधेशदृष्टि**
**रौतहट ।**
विवाह भएको ६ महिना नपुग्दै एक नवविवाहिता मुस्लिम युवतीको रहस्यमय मृत्युले रौतहट जिल्ला स्तब्ध भएको छ । कटहरिया नगरपालिका वडा नं. ५ स्थित घरमा २१ वर्षीया सानिया प्रविन मृत अवस्थामा फेला परेकी थिइन् । साडीको पासो लगाई सिलिङ फ्यानमा झुण्डिएको अवस्थामा भेटिएकी सानियाको मृत्युबारे परिवारबीच ध्रुविकृत धारणा र प्रहरी अनुसन्धानले नयाँ मोड लिएको छ । घटनापछि मृतक सानियाका श्रीमान अरमान राय भाटविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरिएको छ । प्रहरीले प्रारम्भिक अनुसन्धानमा दाइजोको कारण निरन्तर मानसिक यातना दिइएको तथ्य फेला परेको जनाएको छ । सानियाको विवाह करिब ६ महिना अघि कटहरिया–५ का अरमान राय भाटसँग मुस्लिम परम्पराअनुसार धूमधामका साथ सम्पन्न भएको थियो । सानियाका पिता महमद मोलाजीम रौशनका अनुसार विवाहमा छोरीको ससुराली पक्षलाई दाइजो स्वरूप फर्निचर, फ्रिज, कुलर पंखा, सुनका गहना, औंठी, लगायतका बहुमूल्य सामग्री प्रदान गरिएको थियो । तर, विवाहपछिको दिनदेखि नै श्रीमान अरमान र उनको परिवारले थप





दाइजोको लागि दबाब दिइरहेको मृतकका बाबुले आरोप लगाएका छन् । कहिले केटिएम मोटरसाइकल, कहिले १ लाख भारतीय रुपैयाँ, त कहिले एसी जडान गर्नुपर्ने भन्दै बारम्बार सानियालाई मानसिक दबाब र शारीरिक यातना दिने गरिएको उनी बताउँछन् । घटनाको दिन सानिया आफ्नै कोठामा मृत फेला परेकी थिइन् । घरपरिवारका सदस्यहरूले सानियाले आत्महत्या गरेको बताउँदै आएका छन् । तर, माइती पक्षले यो सामान्य आत्महत्या नभई योजनाबद्ध हत्या भएको दाबी गरेका छन् । सानियाका बाबु रौशनका अनुसार श्रीमान अरमान र उनका परिवारले मिलेमतोमा छोरीको घाँटी थिचेर हत्या गरेर शवलाई पंखामा झुण्ड्याएका हुन् । उनका अनुसार एसी जडान गर्न माग गरिएको केही दिनमै यस्तो घटना हुनु संयोग नभई पूर्वनियोजित अपराध हो । इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी राजन कार्कीका अनुसार मृतकका श्रीमान अरमानविरुद्ध आत्महत्या दुरुत्साहन मुद्दा दर्ता गरिएको हो । प्रारम्भिक अनुसन्धानले दाइजोको नाममा मानसिक र भावनात्मक यातना दिइएको पुष्टि गरेको छ । बिचौलिया र प्रभावशाली पक्षले मुद्दा दबाउन प्रयास गरे पनि जिल्ला प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीको निर्देशनमा र डिएसपी कार्कीको सक्रियतामा मुद्दा अघि बढेको प्रहरी स्रोत बताउँछ । प्रहरीका अनुसार मुख्य अभियुक्त अरमान राय भाट हाल फरार छन् । उनको खोजीका लागि विशेष टोली परिचालन गरिएको छ । साथै, घटनामा ससुरा, सासु तथा अन्य व्यक्तिहरूको संलग्नता बारे अनुसन्धान जारी रहेको छ । डिएसपी कार्कीका अनुसार घटनामा संलग्न सबैलाई कानूनी दायरामा ल्याइनेछ । अनुसन्धानको क्रममै अन्य नामहरू पनि खुल्ने संभावना रहेको छ । नेपाल प्रहरीका संगठन प्रमुख आईजिपी दीपक थापाले पनि घटनामा विशेष चासो राख्दै निष्पक्ष र प्रभावकारी अनुसन्धानका लागि निर्देशन दिएका छन् । समाजमा दाइजोका कारण भइरहेका आपराधिक घटनाहरू नियन्त्रण गर्नका लागि प्रहरी प्रशासन सशक्त रूपमा प्रस्तुत भएको प्रहरी स्रोत बताउँछ ।

# अन्तर्राष्ट्रिय मञ्चमा जनकपुरका अमितलाई आमन्त्रण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२ का निर्वाचित वडा सदस्य तथा नव मिथिला फाउन्डेसनका अध्यक्ष अमित कुमार साहले अमेरिकी सरकारबाट प्रदान गरिने 'क्ष्लतभचलबतष्यलब िख्क्षष्तयच ीभबमभचकजष्उ एचयनचबm ९क्षख्ीएo–२०२५' मा सहभागिता जनाउने गौरवमय अवसर पाएका छन् । काठमाडौंस्थित अमेरिकी दूतावासमार्फत आमन्त्रित हुने उनी नेपालका एकमात्र प्रतिनिधि हुन् । सन् २०२५ मे १९ देखि जुन ७ सम्म अमेरिका भ्रमणका लागि तय गरिएको यो कार्यक्रममा नेपालसहित एशिया–प्रशान्त क्षेत्रका १० देशका उदाउँदा युवा नेताहरूको सहभागिता रहनेछ । अष्ट्रेलिया, बंगलादेश, म्यानमार, क्याम्बोडिया, हङकङ, श्रीलंका, थाइल्याण्ड, भियतनाम लगायतका देशका प्रतिनिधिहरूले सहभागिता जनाउँदै छन् । अष्ट्रेलियाबाट एक सहरका मेयर समेत सहभागिता जनाउने कार्यक्रमको दायरा उच्चस्तरीय र वैश्विक सञ्जाल निर्माणमा केन्द्रित छ । तीन हप्ते यस अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रमको मूल उद्देश्य युवाहरूलाई आर्थिक समृद्धिमा संलग्न गराउने उपायहरू, लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण, सामाजिक सञ्जाल र प्रविधिको सकारात्मक प्रयोग तथा नेतृत्व विकास जस्ता विषयमा अमेरिका भित्र अपनाइएका सफल अभ्यासहरूको अवलोकन गराउनु हो । सहभागीहरूले कार्यशाला, अन्तरक्रिया, अध्ययन भ्रमण तथा नीति निर्मातासँग सिधा संवाद जस्ता गतिविधिमा संलग्न हुनेछन् । अमित लामो समयदेखि नव मिथिला फाउन्डेसनमार्फत सांस्कृतिक संरक्षण, युवा सशक्तिकरण र नीति निर्माणमा युवाहरूको सहभागिता अभिवृद्धि गर्ने अभियानमा सक्रिय छन् । उनले नेतृत्व गरेको संस्था जनकपुरमै मात्र नभई मधेशभरिकै सामाजिक रूपान्तरण र युवाहरूको सशक्त आवाजको प्रतीक बनिसकेको छ । साह स्थानीय शासनमा समेत निर्वाचित जनप्रतिनिधिका रूपमा कार्यरत छन् । उनले जनतामुखी नीति निर्माण, सहभागितामूलक योजना निर्माण र विकेन्द्रीकृत शासन प्रणालीमा पारदर्शिता कायम राख्न उल्लेखनीय योगदान दिएका छन् । अमेरिकी सरकारले प्रदान गर्ने आइभिएलपी कार्यक्रम विश्वका उदीयमान नेताहरूका लागि अत्यन्त प्रतिष्ठित अवसर मानिन्छ । यस कार्यक्रममा भाग लिन पाउनु व्यक्तिगत उपलब्धि मात्र नभई नेपालको युवा नेतृत्व क्षमताको अन्तर्राष्ट्रिय मान्यता पनि हो ।

# जनकपुर–अयोध्या सांस्कृतिक सम्बन्धले बढाउँछ धार्मिक पर्यटनः एनपी साउद

मधेशदृष्टि
महोत्तरी ।
नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले जनकपुरधाम र अयोध्याबीचको सांस्कृतिक सम्बन्ध सुदृढ पार्न सके नेपालमा धार्मिक पर्यटकहरूको उल्लेखनीय वृद्धि हुने दाबी गरेका छन् ।

शुक्रबार महोत्तरीको जलेश्वरमा आयोजित 'महोत्तरी महात्म : एक दिवसीय वैचारिक, सांस्कृतिक तथा ऐतिहासिक संवाद–विचार उत्सव' मा बोल्दै उनले धार्मिक पर्यटन प्रवद्र्धन गर्न यी दुई धार्मिक नगरीहरूलाई जोड्न आवश्यक रहेको बताए । नेता साउदले रामजानकी मार्गमार्फत जनकपुरधाम र अयोध्यालाई प्रत्यक्ष रेल सेवाबाट जोड्न सके भारतका लाखौँ श्रद्धालु र पर्यटकहरू प्रत्येक वर्ष नेपाल आउने सम्भावना रहेको उल्लेख0 गरे । 'हामीले जनकपुरधाम र अयोध्यालाई सांस्कृतिक रुपमा जोड्न सक्यौँ भने यो ठाउँमा भारतभरिका रामभक्त आउनेछन्, पशुपति दर्शनपछि जनकपुरधाम आउने क्रम बढ्नेछ', उनले भने । उनको भनाइमा भारत र नेपालको साँस्कृतिक र धार्मिक सम्बन्धलाई समेट्ने यस्ता परियोजनाहरूले स्थानीय स्तरमा रोजगारी, पूर्वाधार विकास र पर्यटन व्यवसायलाई अभूतपूर्व उचाइमा पुर्याउने छन् ।

साउदले राम–सीतालाई कुनै धर्म वा राष्ट्रको सिमित सन्दर्भमा मात्र नहेर्न आग्रह गर्दै उनीहरूलाई सम्पूर्ण मानवताका प्रतिनिधि पात्रको रूपमा चित्रित गरे ।

'भगवान् राम र जानकी माता कुनै एक भूगोल, धर्म वा जातिका होइनन्, उनीहरू पुरुषोत्तम र मानवताको मुक्तिका संवाहक हुन्', उनले भने । रामको वनवास, धर्मनिष्ठा र नारी सम्मानका लागि लिएको युद्धलाई स्मरण गर्दै साउदले रामायणलाई नैतिक शिक्षा र सामाजिक न्यायको प्रतीक ग्रन्थको रूपमा व्याख्या गरे । साउदले नेपालले धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको प्रचार–प्रसारमा ध्यान नदिएकोमा चिन्ता व्यक्त गर्दै धार्मिक पर्यटनलाई आर्थिक विकाससँग जोड्नुपर्नेमा जोड दिए ।

'धार्मिक पर्यटनलाई व्यवस्थित रूपमा प्रवद्र्धन गर्न सके यो क्षेत्रले देशको अर्थतन्त्रमा योगदान पुर्याउने महत्वपूर्ण आधार बन्न सक्छ', उनले स्पष्ट पारे । उनका अनुसार नेपाल–भारतबीचको ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्बन्धलाई संस्थागत रूपमा विकास गर्न दुई देशबीच नीतिगत स्तरमा गहिरो संवाद र सहकार्य आवश्यक छ ।

'महोत्तरी महात्म' शीर्षकमा आयोजित एक दिवसीय संवादमा नेपाल–भारत मैत्री युवा संघ र संवाद फाउन्डेसनको संयुक्त आयोजना रहेको थियो । कार्यक्रममा विभिन्न इतिहासविद्, संस्कृतिविद्, युवा नेताहरू तथा स्थानीय बौद्धिक व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन